# Training Report

# on

# Reflections on Management Skills

## 4-8 April, 2022 (2078 Chitra 21-25)




## सेण्टर फर ईनोभेटिभ गभर्नेन्स प्राक्टिसेस्

## (Centre for Innovative Governance Practices-CIGP)

## अध्यक्षको सन्देश

सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस्ले विभिन्न उद्देश्यहरू राखेर आफ्नो गतिविधिहरू संचालन गर्दै आएको छ । लामो समयसम्म नेपाल सरकारको सार्वजनिक प्रशासन र व्यवस्थापनको क्षेत्रमा विभिन्न तह र तप्कामा रहेर संगालेका ज्ञान, सीप र अनुभवलाई राष्ट्रको उन्नति र विकासको क्षेत्रमा लगाउन हामी संस्थागत रूपलेनै प्रतिबद्ध रही क्रियाशील रहँदै आएका छौं ।

अत्याधुनिक विधि र पद्धतिलाई अपनाएर सार्वजनिक, कर्पोरेट लगायत सामाजिक संस्थाको प्रारम्भिक व्यवस्थापनमा काम गर्ने कर्मचारीहरूलाई लक्षित गरी उनीहरूवाट सम्पादन हुने कार्य दक्षतामा सुधार ल्याउन र उच्च प्रतिफलको अपेक्षा सहित कर्मचारी स्वयमको पनि व्यक्तित्व विकास गर्ने उद्देश्यले व्यवस्थापन संग सम्वन्धित आवश्यक विषयवस्तुहरू समावेश गरी Reflections on Management Skills विषयको तालिम दिने जमर्को गर्दै आईरहेका छौं ।

यसै सिलसिलामा दुई महिनाको अवधिमा दुई चरण गरेर सार्वजनिक, संस्थान र कर्पोरेट गरी करिव १६ वटा निकायमा कार्यरत ५१ जना मध्यम दर्जाका व्यवस्थापकहरूलाई यो तालिम दिन सफल भईसकेका छौं । संचालित तालिममा व्यवस्थापनको क्षेत्रमा सीप र दक्षता अभिवृद्धि गर्दै, स्वयम व्यक्तित्व विकासलाई समेत सहयोग पुग्ने गरी समावेश गरिएका विभिन्न विषयहरूलाई सहजीकरण गर्न उपलब्ध विभिन्न विषय क्षेत्रका विशेषज्ञहरूबाट १६ वटा व्यवस्थापकीय विषयका क्षेत्रमा प्रशिक्षण दिइएको थियो । प्रशिक्षकहरू नेपाल सरकारको उच्च ओहदा (विशिष्ट श्रेणी) बाट अवकाश भई विभिन्न क्षेत्रमा संलग्न रहेर विषयगत विधामा दखल राख्ने दक्ष अनुभवी र विज्ञ व्यक्तित्वहरू एवं नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा कार्यरत विशिष्ट प्रशिक्षकहरूबाट प्रशिक्षण भएको थियो । जसले गर्दा, प्रशिक्षार्थीहरूले आफ्नो ज्ञान र सीपको दायरालाई फराकिलो वनाउन सफल हुनुका साथै सहभागीहरूमा अन्तरनिहित प्रतिभा प्रष्फुटन गराउन पनि सफल भएका छन् भन्ने हाम्रो पूर्ण विश्वास रहेको छ । यस अर्थमा, भविष्यमा पनि यो प्रशिक्षणको कार्यलाई निरन्तरता दिदै अन्य निकायहरूमा कार्यरत कर्मचारीहरूलाई पनि तालीम दिनु पर्ने अनुभूति हुँदै गएकोले सरोकारवाला निकायहरूको माग बमोजिम तालिम निरन्तर रुपले कम्तिमा महिनाको एक पटक संचालन गर्ने दृढ संकल्प र अठोट लिएका छौं ।

अन्तमा, यस तालिम सफलतापूर्वक सम्पन्न गर्नमा सक्रिय सहभागी हुने प्रशिक्षार्थीहरू, सहभागी पठाईदिने विभिन्न निकायहरू र तालिममा समावेश भएका विषयवस्तुहरूलाई सहजीकरण गर्न उल्लेख्य भूमिका निर्वाह गर्ने सम्पूर्ण विज्ञ एवं विशेषज्ञ प्रशिक्षक सहजकर्ताहरू र व्यवस्थापनको क्षेत्रमा अतुलनीय योगदान दिने सम्पूर्ण महानुभावहरू प्रति हार्दिक कृतज्ञता सहित आभार प्रकट गर्दछु ।

**कृष्णहरि बास्कोटा**
**कार्यकारी अध्यक्ष**

# Training Programme on Reflections on Management Skills

# 4-8 March 2022

## संक्षिप्त प्रतिवेदन

### १. पृष्ठभूमिः

सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस् (Centre for Innovative Governance Practises (CIGP)) ले अत्याधुनिक विधि र पद्धतिलाई अंगिकार गर्दै, सार्वजनिक सरोकारका संस्थाहरूमा कार्यरत जनशक्तिलाई समायानुकुल, व्यवस्थित र परिणामूखी बनाउन व्यावसायिक दक्षता बृद्धि गर्ने र युगीन चुनौतीको सामना गर्नसक्ने क्षमताको विकास गर्न वाञ्छनीय देखिन्छ ।

यसै तथ्यलाई दृष्टिगत राख्दै, CIGP नामक सस्थाले नेपालका मध्यमतहका व्यवस्थापक (Middle Level Manager) हरूको व्यवस्थापन क्षमता, दक्षता, सीप तथा कार्यकुशलतालाई समयानुकुल परिमार्जन तथा परिष्कृत गरी व्यावसायिक क्षमतामा सकारात्मक सुधार गर्न आवश्यकता महशुस गरी Reflection On Management Skills व्यवस्थापन सीपसंग सम्वन्धित प्रशिक्षण कार्यक्रमको आयोजना गर्न आवश्यकता महशुस गरिएको छ ।

सार्वजनिक सरोकारका संस्थाहरूमा क्रियाशील जनशक्तिको कार्यक्षेत्रमा व्यावसायिक योग्यता, दक्षता, सीप, ज्ञान तथा अभ्यासलाई सेवाग्राहीको भावना अनुकुल बनाई सार्वजनिक सेवालाई थप गतिशील र विश्वसनीय बनाउन केही व्यवस्थापकीय सीपहरू तालिमको माध्यमबाट प्रदान गर्न सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस्ले "व्यवस्थापन सीपका चिन्तनहरू (परिदृष्य) (Reflections on Management Skills)" प्रशिक्षण कार्यक्रम तयार पारेको छ । यो कार्यक्रम सार्वजनिक, कर्पोरेट, सामाजिक संस्थामा प्रारम्भिक व्यवस्थापनमा काम गर्ने कर्मचारीहरूलाई लक्षित गरी तयार पारिएको छ । ती कर्मचारीहरूको स्व-विकासलाई मुख्य केन्द्र मानेर तयार पारिएको यो प्रशिक्षण कार्यक्रमको मुख्य ध्येय सार्वजनिक सरोकारसंग सम्वन्धित निकायहरूमा कार्यरत कर्मचारीहरूको आफ्नो पेशागत कार्य सम्पादन गर्ने क्रममा के कस्ता संस्थागत रणनीति अपनाउने भन्ने कुरामा ज्ञान तथा सीप प्रदान गर्ने रहेको छ ।

यस प्रशिक्षणबाट माथिल्लो व्यवस्थापक तहसंग तल्लो तहका जनशक्तिलाई जोडी एउटा समग्र व्यवस्थापनलाई एउटै सुत्रमा आवद्ध गरी संस्थाको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउनु नै हो । यसले एउटा संस्थाको पुरै टीम संस्थागत उद्देश्य परिपूर्ति गर्न समग्रतामा नै क्रियाशील हुन्छ । यस्ता उद्देश्य पूर्ति गर्नेतर्फ सुक्ष्म अध्ययन

गरी प्रशिक्षणमा विषयगत विधामा भरपुर ज्ञान तथा सीप दिन सहयोग पुग्ने किसिमका विषयहरू समावेश गर्न संस्था क्रियाशिल रहेको छ । वदलिदो विश्व परिस्थितिको चुनौतीलाई सामना गर्न सक्ने बनाउनु यस प्रशिक्षणमा समावेश भएका पाठ्य सामाग्री र विषय वस्तुको उद्देश्य हो । Covid 19 जस्ता विश्वव्यापी संक्रमक रोगको कारणबाट आएको व्यवस्थापकीय चुनौतीले सिर्जना गरेका अवसरलाई पनि यसले संवोधन गर्न खोजेको छ। समग्रमा यो मध्यम तहका (Middle Level Manager) व्यवस्थापकहरूको व्यावसायिक आवश्यकता परिपूर्तिमा केन्द्रित रहेको थियो ।

## २. प्रशिक्षणको उद्देश्य

यस प्रशिक्षण कार्यक्रमको मूल उद्देश्य "प्रशिक्षार्थीहरूलाई आफ्नो स्व-विकासका पक्षहरू पहिचान गर्दै व्यवस्थापनका आधारभूत सीपहरू तथा ज्ञान प्रदान गर्ने" रहेको छ। यस प्रशिक्षणको कार्यगत उद्देश्य निम्न अनुसार छ :-

तालिमको अन्तमा सहभागीहरुले निम्न कार्यहरु गर्न सक्ने छन् ।

(क) प्रशिक्षार्थीहरूले आफ्नो स्व-विकासको अवस्था पहिचान गर्न सक्ने गरी अवधारणात्मक ज्ञान प्राप्त गरि बताउन

(ख) व्यवस्थापनमा आधारभूत सिद्धान्त र व्यवहार बारे ज्ञान तथा सीप प्राप्त गरि बताउन

(ग) आफ्नो संस्थाको कर्पोरेट रणनीति बुझ्न सक्ने गरी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्राप्त गरि बताउन

(घ) जिम्मेवारीमा रहेका कार्य सम्पादन गर्ने सिलसिलामा कर्मचारीहरूले निर्वाह गर्नु पर्ने भूमिकाहरूलाई सकारात्मक दृष्टि राखी परिणाममूखी वनाउने पद्धतिको विकास गर्न सहयोग गर्नु पर्ने आधारभूत कुराहरु बारे बताउन ।

## ३. प्रशिक्षण संचालन अवधि र स्थान

यो पाँच दिने प्रशिक्षण कार्यक्रम २०७८ चैत्र २१ गते देखि २५ गते सम्म संचालन भएको थियो ।

काठमाण्डौं स्थिति नेपाल हाउसको शाखा, हात्तिसारमा प्रशिक्षण कार्यक्रम प्रत्येक दिन बिहान १०:१५ मा प्रारम्भ भई ४:१५ सम्म संचालन भएको थियो ।

## ४. प्रशिक्षणमा समावेश भएका विषयहरू:

यस प्रशिक्षणमा निम्न अनुसारका चार वटा मोड्यूलमा विभिन्न सत्रहरू समावेश गरिएका छन् :

### (क) स्व-विकासका अवधारणा (Concept of Self-Development)

1. Concept, Tools, and techniques of Self Development.
2. Self-Career Management
3. Interpersonal Relationship (Conflict Management/Stress Management)

### (ख) संगठन विकास तथा संस्कार (Organizational Development and culture)

1. Institutional and Individual Capacity Development.
2. Leadership and Managership.
3. Business/Corporate Strategic Tools.
4. Immerging Trend In Global Economy.
5. Hybrid Office Operation.
6. Knowledge Management.

### (ग) समूह गतिशीलता तथा उत्प्रेरणा (Group Dynamics and Motivation)

1. Group Dynamics and team work
2. Change Management.

**(घ) बजार, उपभोक्ता तथा सेवा प्रवाह व्यवस्थापन (Market, Client and Service Delivery Management)**

1. Market Share and Intervention
2. Client/ Customer Relationship Management

प्रस्तुत माथि उल्लिखित विषयहरूमा सहजीकरण गर्ने सिलसिलामा सहजकर्ता/प्रशिक्षकहरूले पावरप्वायन्ट, सामूहिक छलफल, प्रश्नोत्तर, व्यक्तिगत एवं सामूहिक गृहकार्यवाट गराईएको थियो ।

## ५. प्रशिक्षणमा संलग्न प्रशिक्षकहरूः

प्रस्तुत चार समूहमा विभाजित Thematic Group का विषयहरूलाई सहजीकरण गर्न, नेपाल सरकारको उच्च ओहदा (विशिष्ट श्रेणी) बाट अवकाश भई विभिन्न क्षेत्रमा संलग्न रही विषयगत विधामा दख्खल राख्ने दक्ष अनुभवी र विज्ञ व्यक्तित्वहरूको संलग्नतामा कार्यक्रम भएको थियो । यसै गरि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा कार्यरत विशिष्ट प्रशिक्षकहरूको पनि संलग्नता भएको थियो । प्रशिक्षण कार्यमा संलग्न प्रशिक्षकहरू निम्नानुसार रहेका छन् :

१. श्री कृष्णहरि बास्कोटाः नेपाल सरकारका पूर्व सचिव एव राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त ।

२. श्री बैकुण्ठ अर्यालः सचिव, सूचना प्रविधि तथा संचार मन्त्रालय ।

३. डा. केदार बहादुर रायमाझीः मनोपरामर्शदाता एवं नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका पूर्व प्रशिक्षक ।

४. श्री शंकर प्रसाद खरेल, नेपाल सरकारका पूर्व सचिब ।

५. श्री राजेन्द्र अधिकारी, प्रशिक्षक एवं निर्देशक नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

६. श्री मनोज कुमार भट्टराई, प्रमुख कार्यकारी अधिकृत प्राईम लाईफ ईन्स्योरेन्स ।

७. प्रा. डा. माहानन्द चालिसे, प्राध्यापक, त्रिभुवन विश्वविद्यालय एवं ज्ञान व्यवस्थापन विज्ञ ।

८. डा. हिरामणी घिमिरे, सुशासन विज्ञ ।

९. डा. विनोद विष्ट, प्रशिक्षक एवं अध्ययन निर्देशक, नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठान ।

१०. डा. गुणाकर भट्टराई, कार्यकारी निर्देशक (विशिष्ट श्रेणी) एवं प्रबक्ता, नेपाल राष्ट्र बैंक ।

११. श्री भुवन दाहाल, पूर्व प्रमुख कार्यकारी अधिकृत, सानिमा बैंक तथा अर्थ विज्ञ ।

१२. अचला दाहाल, प्रशिक्षक, नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठान एवं व्यवस्थापन सीप विज्ञ ।

१३. कमल नयन प्रधान, नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठानका पूर्व प्रशिक्षक (विशिष्ट श्रेणी) ।

१४. पोषकराज पौडेल, प्रमुख कार्यकारिणी अधिकृत, सिटिजन्स लाईफ ईन्स्योरेन्स कम्पन्नी ।

## ६. तालिम संचालनको पहिलो दिनः

### ६.१. प्रशिक्षण कार्यक्रमको समुद्घाटन कार्यक्रम एवं *Introductory Session:*

सेन्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस्द्वारा २०७८ चैत्र २१ देखि २५ गते सम्म संचालित पाँच दिने Reflection On Management Skills Training को समुद्घाटन एव परिचयात्मक सत्र ( **Introductory Session**) चैत्र २१ गते विहान १०:१५ बजे शुरु गरियो । Event Coordinator (संयोजक) एवं नेपाल सरकारका पूर्व सचिव श्री शंकर प्रसाद खरेलद्वारा सहजीकरण गरिएको उक्त सत्रको समुद्घाटन संस्थाका कार्यकारी अध्यक्ष एवं नेपाल सरकारका पूर्व सचिव तथा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त श्री कृष्णहरि बास्कोटाबाट पानसमा दीप प्रज्वलन गरि सुभारम्भ गरिएको थियो ।

पाँच दिने प्रशिक्षण कार्यक्रमको समग्र विषय वस्तुको उद्देश्यमाथि प्रकाश पार्ने कार्यमा कार्यकारी अध्यक्ष श्री कृष्णहरि बास्कोटाबाट समुद्घाटन मन्तव्यको क्रममा कुनै पनि व्यवसायिक दक्षता बृद्धिको निमित्त सो व्यवसायसंग संवन्धित दक्षता, क्षमता, सीप तथा योग्यताको आवश्यकता रहने यथार्थता, एक पटक प्राप्त गरेको जानकारी तथा ज्ञान सीपलाई समय सापेक्ष आवधिक परिमार्जन गर्ने तथ्यगत धारणामा आधारित हुनुपर्ने कुरालाई जोड दिन उदाहरण सहित प्रस्तुत हुनु भएको थियो । ***"कुनै पनि हतियारलाई पूर्ण रूपले चलायमान वनाउन जसरी वेला-बेलामा साध लगाएर धारिलो बनाउदै जानु पर्छ"*** ठीक त्यसरीनै कुनै पनि व्यक्तिबाट पूर्ण फल पाउन समय सापेक्ष परिवर्तित अवधारणालाई ग्रहण गर्दै, ज्ञान, सीप र दक्षतालाई अभिवृद्धि गर्न यस्ता प्रकारकारको तालिमको आवश्यकता पर्ने जानकारी गराउनु भयो । मानिसको क्षमतालाई परिष्कृत र धारिलो बनाउन समयानुकुल मुलुकमा आएका नयाँ-नयाँ विषयहरूको जानकारी गराई त्यसबाट प्राप्त हुन सक्ने प्रतिफलको सदुपयोग गर्न व्यक्तिको क्षमता ह्रास हुनबाट जोगाउन र सिकेको सीपलाई दक्षतामूलक बनाउन विज्ञान र प्रविधिमा आएको परिवर्तनलाई

थप परिष्कृत गर्नु पर्नेमा जोड दिँदै उत्प्रेरणाजनक र सन्देशमूलक लघुकथाको माध्यमबाट समेत प्रष्ट्याउनु भयो । त्यसको साथै मानवीय क्षमताको अधिकतम् उपयोग गर्न सकारात्मक मनोवल र दृढतामा बृद्धि गरी थप उर्जाशील बनाउन प्रशिक्षणको आवश्यकता पर्दछ । यसरी व्यक्तिमा रहेको उर्जालाई क्रियाशील राख्न नयाँ प्रविधिलाई उच्चतम प्रयोगमा ल्याई क्षमता बृद्धि गर्न अपनाईने विभिन्न बाटाहरूनै प्रशिक्षण भएकोले प्रशिक्षार्थीहरूको कार्य सम्पादनको दक्षतामा केही सहयोग पुग्ने विश्वास दिलाउनु भयो । साथै संचालित तालिमले प्रशिक्षार्थीहरूमा भएको व्यावसायिक क्षमता, दक्षता र सीपलाई ताजा बनाउने र समयानूकुल र युगको चुनौती सामना गर्न सक्ने बनाउनमा केही ज्ञान तथा सीपको विकास गराउने कुरामा जोड दिनुभयो ।

अन्तमा, नेपालका सार्वजनिक क्षेत्रमा रहेका सरकारी तथा जन सरोकारका सार्वजनिक संस्थासंग सम्वन्धित विभिन्न निकायहरूमा कार्यरत जनशक्तिको आवश्यकता पहिचान गरी त्यसको समाधान गर्ने उद्देश्यले CIGP नामक संस्थाको स्थापना गरिएको हो भन्नेकुरा बताउनु भयो । यसले सार्वजनिक सरोकारका सरकारी तथा सार्वजनिक संस्थाहरूको उल्लेखित उद्देश्य परिपूर्ति गर्नेतर्फ आफ्ना कदमहरूलाई क्रियाशील राखेको, यसले तालिम तथा प्रशिक्षण कार्यक्रमहरूको समेत व्यवस्थापन गरी सरोकारवाला सार्वजनिक संस्थाहरूको आवश्यकता पूरा गर्न आफूलाई सक्रिय पारेको, यसबाट व्यक्तिमा अन्तरनिहीत प्रतिभालाई प्ररिष्कृत गर्न सघाउ पुग्नुको र प्राप्त ज्ञानलाई व्यावहारिक रुपमा ताजा बनाउन सघाँईरहेको भन्ने भनाई सहित अध्यक्षका तर्फबाट मन्तव्य सहित समुद्घाटन समारोह अन्त्य गरिएको थियो ।

### ६.२ परिचय कार्यक्रमः

समुद्घाटन पश्चात् सहभागीहरूको परिचय गर्ने क्रममा संस्थामा आवद्ध श्री उदेवमान महर्जनबाट परिचयात्मक कार्यक्रमलाई अगाडि बढाउनु भयो । परिचय गराउने सिलसिलामा नयाँ विधि अपनाई उपस्थित सहभागीहरूलाई क्रमस दुई दुई जना फ्रण्ट डेस्कमा आमन्त्रण गराई एकले अर्को संगै साथमा रहेका साथीको बारेमा विस्तृत जानकारी गराउँदै क्रमश परिचय गराईएको थियो ।

### ६.३. तालिम संचालन नियमः

प्रशिक्षण अवधिलाई थप मर्यादित व्यवस्थित र अनुशासित ढङ्गले संचालन गर्ने उद्देश्यका साथ प्रशिक्षार्थीहरू, प्रशिक्षकहरू लगायत व्यवस्थापमा रहेका व्यक्तिहरूले पालना गर्नु पर्ने नियमहरू सहभागीहरुको संलग्नतामा सामुहिक मान्यता तयार गरिएको थियो । जसमाः १. प्रशिक्षण अवधिभर मोबाईल स्वीच अफ वा साईलेन्स मोडमा

राख्ने, २. निर्धारित समयमानै उपस्थित हुने ३. प्रशिक्षणको समयमा साईड टक नगर्ने जस्ता महत्वपूर्ण विषयहरूमा जोड दिई कडाईका साथ पालना गर्ने रहेका थिए ।

साथै, प्रत्येक दिन संचालन भएका विषयहरूको पुनरावलोकन (Review of the day) एउटा व्यक्तिले एक विषयमा गर्नु पर्ने बारेको जानकारी र भोलिपल्ट अघिल्लो दिन प्रशिक्षण भएका विषयवस्तुहरू संक्षिप्त जानकारी सहितको (Preview of the previous day) को बारेमा तालिम संयोजक श्री शंकर प्रसाद खरेलबाट हुने जानकारी समेत प्रशिक्षार्थीहरूलाई गराईएको थियो ।

## ६.४. सहभागीहरूको अपेक्षा:

प्रशिक्षणमा भाग लिन ९ वटा सार्वजनिक र कर्पोरेट निकायकाहरु गरि जम्मा २६ जना सहभागीहरू रहेका थिए । यसको विस्तृत विवरण **अनुसूची-१** मा उल्लेख गरिएको छ । आयोजित तालिमबाट लिएको अपेक्षाहरू संकलन गर्ने उद्देश्य अनुसार, प्रशिक्षण सत्रमा संलग्न सहजकर्ताहरूबाट मेटा कार्डमा एक-एक गरी सबै सहभागीहरूले राखेका अपेक्षाहरू लिखित रूपमा संकलन गरिएको थियो । उक्त लिखित अपेक्षाहरू **अनुसूची २ मा** उल्लेख गरिएको छ ।

## ६.५ विशेष मन्तव्य (Key Note Speech)

नेपाल सरकार, सूचना प्रविधि तथा संचार मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्यालले उद्घाटन सत्रको विशेष मन्तव्य प्रस्तुत गर्नु भएको थियो । एक्काईसौ शताव्दीमा विकास भएका सूचना र प्रविधिको बारेमा संक्षिप्त जानकारी गराउँदै त्यसले पारेको सकारात्मक र नकरात्मक पक्षको बारेमा प्रकाश पार्नुभयो । विज्ञानले ल्याएको नविनतम प्रविधिहरूलाई सही रूपले प्रयोगमा ल्याउँदा मानिसको जीवनलाई समेत सहज रूपले आफ्ना दैनिकीहरूलाई संचालन गर्नमा सहज हुने हुँदा यसलाई दुरुपयोग गर्न नहुने कुरामा जोड दिनुभयो ।

## ७. प्रशिक्षण सत्र संचालन शुभारम्भ:

### ७.१. Concept, Tools and Techniques of Self Development:

नेपाल सरकारका पूर्व सचिव एवं राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त तथा CIGP का कार्यकारी अध्यक्ष कृष्णहरि बास्कोटाबाट स्वम व्यक्तित्व विकास (Self Development) को विषयगत अवधारणा, विभिन्न तरिका र माध्यमको बारेमा विस्तृत रूपमा जानकारी गराउनु भयो । विशेषगरी, व्यक्ति विकासका लागि आवश्यक पर्ने व्यवहारिक र सैद्धान्तिकज्ञान, सीप एवं आत्मविकासका सूत्रहरूको बारेमा आफ्ना अनुभवहरू समेत समावेश गरी प्रस्तुत गर्नु भएको थियो ।

### ७.२. **Positive Attitude:**

मनोरोग विशेषज्ञ एवं नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा लामो समय प्रशिक्षण गर्नुभएका डा. केदार बहादुर रायमाझीले व्यक्तित्व विकासको उत्कृष्टताको लागि मानिसले राख्नु पर्ने सकारात्मक सोच, सकारात्मक सोच राख्न आवश्यक तत्वहरू, सकारात्मक सोचको खोजी गर्ने उपाय र नकारात्मक सोचले ल्याउने परिणाम सहित मनोवृत्तिका विविध पक्षहरूका बारेमा विभिन्न सैद्धान्तिकर आफ्ना जीवनमा भोगेका व्यवहारिक अनुभवहरू सहित प्रस्तुत गरी विषय बस्तुबारे प्रष्ट्याउनु भयो ।

### **तालिम संचालनको दोस्रो दिनः** (२०७८/१२/२२)

तालिमलाई निरन्तरता दिने क्रममा दोस्रो दिनको निर्धारित समयबाटै सहभागीहरूलाई विभिन्न उत्प्रेरणा जगाउने भावहरू प्रस्तुत गर्दै, उर्जा थपेर अघिल्लो दिनको पुनरावलोकन (Re-view of the previous day) तालिम संयोजक श्री शंकर प्रसाद खरेलवाट सम्पन्न गर्दै, दोस्रो दिनको तालिकामा रहेका गतिविधि एवं विषयवस्तुहरूको बारेमा जानकारी गराउनु भएको थियो ।

### **प्रशिक्षण सत्र संचालन**

### ७.३ **Leadership and Managership:**

प्रस्तुत विषय वस्तुको सत्रलाई सहजीकरण गर्ने क्रममा तालिम संयोजकको भूमिका निर्वाह गरिरहनुभएका नेपाल सरकारका पूर्व सचिव श्री शंकर प्रसाद खरेलबाटनै Leadership and Managership सहजीकरण भएको थियो । नेता (**leader**) र व्यवस्थापक (**Manager**) को विषयमा रहेको सन्देशमूलक भिडियो प्रदर्शनबाट शुरुवात भएको सत्रलाई सहजीकरण गर्दै, शंकर खरेलले **All managers are leader but all leaders are not managers** भन्ने प्रख्यात भनाईलाई उजागर गर्नु भयो । संगठनको कार्यसम्पादनमा Leader एवं Manager को भूमिका, Managerial Skills एवं Leadership का नयाँ सवालहरूको साथै सफल नेतृत्वको लागि आवश्यक पर्ने गुणहरूको विषयमा आफ्नो व्यवहारिक अनुभवहरू सहित प्रस्तुत गर्नु भएको थियो । साथै नेतृत्वलाई के कुराले प्रभाव पार्दछ र नेतृत्व दिगोपना कसरी स्थापित हुन्छ भन्ने विषयमा केही तथ्यगत उदाहरण सहित सामूहिक अभ्यासको माध्यमबाट विषयवस्तुलाई प्रकाश पार्नुभयो ।

### ७.४ **Group Dynamics and Team Building :**

नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठानका कार्यरत  कमल नयन प्रधानले Team buiding एवं Group Dynamics को अवधारणा, रणनीति एवं Stages हरूबारे प्रकाश पार्नु भयो ।  संगठनको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन कसरी प्रयोग गर्न सकिन्छ भनी आफ्ना व्यवहारिक अनुभव सहित प्रस्तुत गर्नु भयो ।  सहभागी प्रशिक्षार्थीहरूलाई अकष्मात एवं अपरझटको समयमा सामुहिक कार्यलाई पूरा गर्न के कस्ता रणनीतिहरू अपनाउनु पर्दछ भन्ने विषयमा प्रकाश पार्न व्यक्तिगत अभ्यास समेत गराउनुभई त्यसको निचोड निकाल्नु भयो ।

### ७.५. Client/Customer Relationsip:

प्राईम लाईफ ईन्स्योरेन्सका  प्रमुख कार्यकारी अधिकृत एव Client/Customer Relationsip  का विज्ञ मनोज कुमार भट्टराईले संगठनको कार्य सम्पादन गर्दा अपनाउनु पर्ने असल सम्बन्धका तरिकाहरू, रणनीतिहरू, ग्राहकका ईच्छा र चाहना अनुरूपमा वस्तु तथा सेवा उपलब्ध गराउनु पर्ने क्षेत्रहरूको बारेमा केही असल अभ्यासहरूको व्याबहारिक अनुभव समेत समावेश गरी विषय वस्तु माथि प्रकाश पार्नु भएको थियो ।

### तेस्रो दिनः (२०७८/१२/२३)

तालिमलाई निरन्तरता दिने क्रममा तेस्रो दिनको निर्धारित समयमानै कार्यक्रम शुरुवात गर्दै, अघिल्लो दिनको पुनरावलोकन (Re-view of the previous day) तालिम संयोजक श्री शंकर प्रसाद खरेलवाट सम्पन्न भयो । साथै तेस्रो दिनको तालिकामा रहेका गतिविधि एवं विषयवस्तुहरूको बारेमा जानकारी गराउँदै, तालिकामा रहेका विषय वस्तुका बारेमा सहजकर्तालाई सहजीकरणको लागि अनुरोध गर्नुभयो ।

### प्रशिक्षण सत्र संचालन

### ७.६ Knowledge Management:

प्रस्तुत विषय  Knowledge Management मा विद्यावारिधी  गुर्नभएका प्राध्यापक डा. महानन्द चालिसेले Knowledge Management को सैद्धान्तिकअवधारणा, विश्वमा यसको प्रयोगले ल्याएको सकारात्मक परिणामको तथ्यगत उदाहरण प्रस्तुत गर्दै, विषयवस्तु माथि प्रकाश पार्नुभएको थियो । ज्ञानलाई कसरी संग्रहित गर्ने र यसलाई अरुमाझ कसरी फैलाउन सकिन्छ ? भन्ने विषयमा जोड दिदै, जति ज्ञान बाड्यो त्यती त्यसले सकारात्मक प्रभाव ल्याउँने जानकारी दिनुभई  Effective Knowledge Management को विषयमा नेपालको अनुभव समेतलाई समावेश गरी प्रस्तुत गुर्नभएको थियो ।

### ७.७ Hybrid Office Operation :

प्रस्तुत विषयका ज्ञाता एवं सुशासनविद् डा. हिरामणि घिमिरेले विशेषगरी, कोभिड-१९ को दुष्प्रभावले निम्त्याएको असरको कारणले Hybrid Office संचालनको अवधारणा, आबश्यकता, महत्व र कार्य सम्पादनमा पर्ने प्रभावका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव सहित व्यबहारिक अनुभव सहित प्रस्तुत गरि विषयवस्तु बारे सहभागीले वुझिने भाषामा प्रष्टसंग सहजीकरण गर्नुभएको थियो ।

### ७.८. Interpersonel relationship (Conflict Management/Stress Management)

नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठानमा कार्यरत प्रशिक्षक डा. विनोद विष्टले मानिसमा आउने दरार एकले अर्कालाई बुझ्ने फरक दृष्टिकोण सहितको बुझाईले सम्बन्धमा ल्याउने नकारात्मक प्रभावको बारेमा केही व्यवहारिक उदाहरण सहित व्याख्या गर्नु भयो । खासगरी आफु ठीक हुँदैमा अरु सबै ठीक हुन नसक्ने र अरु ठीक हुँदा हुँदै पनि आफु ठीक नहुँदा सम्बन्ध विग्रन जान्छ भन्दै, अरुलाई ठीक बनाउन पहिला आफु स्वयम ठीक हुनुपर्नेमा जोड दिनु भई विभिन्न सैद्धान्तिक र व्यवहारिक ज्ञान दिई विषय वस्तुको उपादयता माथि प्रकाश पार्नुभयो ।

## तालिम संचालनको चौथो दिनः (२०७८/१२/२४)

तालिमलाई निरन्तरता दिने कममा चौथो दिनको निर्धारित समयमानै कार्यक्रम शुरुवात गर्दै, अघिल्लो दिनको पुनरावलोकन (Re-view of the previous day) तालिम संयोजक श्री शंकर प्रसाद खरेलवाट सम्पन्न भयो । साथै, चौथो दिनको तालिकामा रहेका गतिविधि एवं विषयवस्तुहरूको बारेमा जानकारी गराउँदै, विषय वस्तुको तालिकमा रहेको सहजकर्तालाई सहजीकरणको लागि अनुरोध गर्नुभयो ।

## प्रशिक्षण सत्र संचालन

### ७.९ Change Management:

नेपाल प्रशासन प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षक एवं व्यवस्थापन सीपका विज्ञ अचला दाहालबाट प्रस्तुत विषय Change Management को बारेमा सुप्रसिद्ध भनाई “Change begins at the end of your Comfort Zone” बाट शुरुवात गरी “Boiled frog syndrome" को उदाहरण समेत दिनुभएको थियो । मानिसले समय सापेक्ष आफुलाई आत्मसाथ गर्दै परिवर्तन हुनुपर्दछ भन्ने वहाँको मुख्य सन्देश रहेको थियो । परिवर्तन हुनलाई आवश्यक तत्वहरू यसको विधि तथा पद्धतीहरूले निर्धारण गर्ने भएता पनि आफुँले सकिने स्तरमा भने परिवर्तित हुनुनै पर्ने कुराको ज्ञान सारांशमा रहेको थियो । साथै परिवर्तन निश्चित छ र यसलाई कुनै पनि व्यक्ति वा संस्थाले आत्मसाथ गर्दै ग्रहण गर्न जरुरी रहने कुरा वताउनु भएको थियो ।

### ७.१० Business/Corporate Strategy Tools:

सानिमा बैकका पूर्व प्रमुख कार्यकारी अधिकृत श्री भुवन दाहालले संगठनलाई सफल बनाउन आवश्यक पर्ने विभिन्न सैद्धान्तिकज्ञानका साथमा आफ्नो प्रत्यक्ष अनुभव सहित प्रस्तुत गर्नुभयो । व्यबसायले सफलता प्राप्त गर्न आबश्यक पर्ने रणनीति एवं विधि तथा पद्धतिहरूका बारेमा विभिन्न क्षेत्रका सफल उदाहरणहरू समेत प्रस्तुत पार्दै विषयवस्तुको गाम्भिर्यता बारे ज्ञान दिनुभएको थियो ।

### ७.११ Emerging trends of Global Economy and Nepal :

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं प्रवक्ता डा. गुणाकर भट्टले वर्तमान अवस्थाको विश्व वजार एवं नेपालको परिप्रेक्ष्यमा रहेको जल्दोबल्दो आर्थिक अवस्थाको बारेमा प्रकाश पार्नु भयो । विशेष क्रिप्टो करेन्सीको प्रभाव, नेपालमा देखिएको आर्थिक संकट लगायत नेपाल राष्ट्र वैंकले नेपालको आर्थिक अवस्थालाई सन्तुलनमा राख्न जारी राखेको प्रयासहरूको बारेमा विस्तृत रुपले जानकारी गराउनु भएको थियो ।

### तालिम संचालनको पाँचौ दिन: (२०७८/१२/२५)

तालिम अन्तिम दिनमा रहेको पाँचौ दिनको निर्धारित समयमानै कार्यकम शुरुवात गर्दै, अघिल्लो दिनको पुनरावलोकन (Re-view of the previous day) तालिम संयोजक श्री शंकर प्रसाद खरेलवाट सम्पन्न भयो । साथै पाँचौ दिनको तालिकामा रहेका गतिविधी एवं विषयवस्तुहरूको बारेमा जानकारी गराउँदै, विषय वस्तुको तालिकमा रहेको सहजकर्तालाई सहजीकरणको लागि अनुरोध गर्नुभयो ।

### प्रशिक्षण सत्र संचालन

### ७.१२. Institutional and individual capacity development:

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका निर्देशक एवं प्रशिक्षक श्री राजेन्द्र अधिकारीले प्रस्तुत विषयका विविध पक्षमा सैद्धान्तिकएवं व्यहारिक ज्ञान र सीपहरू बारे चर्चा गर्नु भएको थियो । विशेषगरी, संस्थागत र व्यक्तिको क्षमताको विकासका लागि आवश्यक तत्वहरू, यसको व्यवहारिक महत्व लगायत यसको अभावमा व्यक्ति र संगठनमा पर्ने नकारात्मक प्रभावको केही उदाहरणहरू प्रस्तुत गर्नु भएको थियो ।

### ७.१३ Market Share and Inervention :

प्रस्तुत विषयको ज्ञाता मनोज कुमार भट्टराईले व्यबसाय संचालन गर्दा आफ्नो Market Share लाई वृद्धि र विकास गर्ने रणनीतिको साथै Market Share विस्तार गर्दा अपनाउनु पर्ने रणनीति र पद्धतिहरूबारे चर्चा गर्नुभयो । साथै, बजारमा सफल व्यबसायी स्थापित हुन आबश्यक गर्ने तौरतरिका समेतका विषयमा व्यबहारिक अनुभवसहित प्रस्तुतीकरण गर्नु भयो ।

### ७.१४. खुला छलफल (Open Session)

तालिम संचालनको पहिलो दिन सहभागीहरूले तालिमबाट राखेका अपेक्षाहरूलाई लिखित रुपमा संकलन गरिएको थियो । उक्त अपेक्षाहरू प्रशिक्षणको क्रममा केही छुट हुन गएको भएमा आयोजक संस्था CIGP का विषयगत रूपमा रहेका देहायका विज्ञहरूबाट तपसीलका विषयहरूमा सहजीकरण गरिदिने उद्देश्यले तालिमको अन्तिम दिन करिव १ घण्टा ३० मिनेटको समय निर्धारण गरिएको थियो ।

Response on Expectations by CIGP resource persons:

| SN | Expectations | Response by |
|---|---|---|
| 1 | Use of training for the society, Effective Service Delive in Public Sector | Krishna Hari Baskota |
| 2 | Effective Private Sector Service Delivery, Corporate Management | Manoj Kumar Bhattarai |
| 3 | Personality Development, Decision Making and Leadership | Shankar Prasad Kharel |

उपर्युक्त बमोजिमको विषयगत विधाहरू (Thamatic Subject) मा सहभागीहरू राखेका जिज्ञासाहरूलाई CIGP का विज्ञ सहजकर्ताहरू अध्यक्ष कृष्णहरि बास्कोटा, संचालक सदस्य नन्द किशोर शर्मा, संचालक सदस्य मनोज भट्टराई, तालिम संयोजक शंकर प्रसाद खरेल लगायतका व्यक्तिहरूबाट क्रमश आ-आफ्ना धारणाहरू प्रस्तुत गरिएको थियो ।

## ८. प्रशिक्षण समापन सत्र (Closing Session)

CIGP मा आवद्ध तालिम संचालन विज्ञ श्री भरत प्रसाद आचार्यबाट संचालित कार्यक्रमको सभाध्यक्षता आयोजक संस्था CIGP का कार्यकारी अध्यक्ष श्री कृष्णहरि बास्कोटाले गर्नु भएको उक्त सत्रमा अन्य संचालकहरू पनि गरिमामय उपस्थिति रहेको थियो ।

## ८.१. विशेष मन्तव्यः

### समापन सत्रमा विशेष मन्तव्यः

समापन सत्रमा सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. का प्रमुख कार्यकारी अधिकृत श्री पोषकराज पौडेलको विशेष आतिथ्यता रहेको थियो । श्री पोषकराज पौडेलबाट विशेष मन्तव्य प्रस्तुत गर्ने क्रममा एउटा व्यक्ति सफल हुन र त्यो व्यक्तिको कार्य सम्पादनले कुनै पनि संगठनको लक्षित उद्देश्य हासिल गर्न कस्तो किसिमको प्रभाव पर्दछ भन्ने विषयमा आफ्नै व्यक्तिगत उदाहरण दिदै व्यवहारिक र सैद्धान्तिक ज्ञानहरू प्रस्तुत गर्नुभयो । कुनै पनि मान्छेले केही चिजहरूको अभ्यास गर्नु पूर्व उसले त्यसको तत्काल असर खोज्ने हुँदा, मानिसलाई परिणाम आउँने कार्यमा संलग्न गराउनु पर्ने धारणा राख्नुभएको थियो । मानिस सफल हुन कडा मेहनतको आवश्यकता पर्ने कुरामा जोड दिनुभएको थियो । साथै, मानिस सफल हुनमा उसले आफ्नो स्पष्ट गन्तव्य पहिलाउनु पर्ने विचार समेत राख्नुभएको थियो ।

## ८.२. सहभागीहरूबाट समग्र तालिमको मुल्यांकन मन्तव्यः

पाँच दिने तालिममा विभिन्न निकायहरूबाट सहभागी भएका २६ जना सहभागीहरू मध्येबाट सम्पूर्ण सहभागीहरूको प्रतिनिधित्व गर्ने गरी एक महिला र एक पुरुषलाई तालिमको समग्र मुल्यांकलन सहितको मन्तव्य प्रस्तुत गर्न लगाईएको थियो । जसमा महिलाको तर्फबाट रीता पाठक र पुरुषको तर्फबाट श्री यादव प्रसाद पुडासैनी छनोटमा परेका थिए । उनीहरूले मन्तव्य प्रस्तुत गर्ने क्रममा विविध विषयको उपादेयता र सान्दर्भिकता तथा विशेषज्ञ प्रशिक्षकहरूका सन्दर्भमा आफ्ना प्रसंशात्मक मन्तव्य सहित देहाय बमोजिमको विचार व्यक्त गरेका थिए ।

### १. श्री रीता पाठकः

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. वरिष्ठ अधिकृत श्री रीता पाठकले तालिम समग्रतामा सफलतापूर्वक सम्पन्न भएको । तालिममा प्रस्तुत भएका विषयवस्तुहरू कार्य प्रकृतिसंग तादम्यता रहेको । तालिममा समावेश भएका विषयवस्तुहरूलाई सहजीकरण गर्ने सहजकर्ताहरू अब्बल स्थानमा रहेका विशिष्ट विषयगत विज्ञ तथा अनुभवी

व्यक्तिहरू रहेको । तालिम अवधिभर समयको व्यवस्थापन राम्रो रहेको । हामी जस्ता विभिन्न निकायहरूमा कार्यरत कर्मचारीहरूको लागि यो तालिम अतिनै महत्वपूर्ण रहेको । तालिमले गर्दा, कार्यालमा आफ्नो जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्नमा सहज वनाएको । धेरै नमूनायोग्य विधि र पद्धतीबाट तालिम संचालन भएको हुँदा, विषयवस्तुको ज्ञान सहजै प्राप्त हुन सकेको जस्तो अनुभूति भएको जस्ता सवल पक्षका मन्तव्य प्रस्तुत गर्दै, यो तालिमलाई अझ प्रभावकारी वनाउन तालिम संचालन हुने समयलाई पुर्नविचार गर्नु पर्ने जस्तो शुक्रबार शुरु गरेर आईतबार समापन गर्दा उपयुक्त हुन्छकी भन्ने रहेको थियो ।


### २. श्री यादव प्रसाद पुडासैनी

कृषि विकास वैंकको प्रधान कार्यालय मुद्दा विभागको शाखा प्रमुखको रुपमा कार्यरत श्री यादव प्रसाद पुडासैनीले मन्तव्य राख्ने क्रममा यो पाँच दिने संचालित तालिम अन्य निकायहरूले दिने तालिम भन्दा फरक र प्रभावकारी रहेको । तालिममा समावेश गरिएका विषय वस्तु र ती विषयहरूलाई सहजीकरण गर्ने सहजकर्ताले गर्दा, शुरुमा सहभागीहरूले आँकलन गरेको भन्दा अब्बल रहेको । तालिम संचालन गर्ने सिलसिलामा बस्ने स्थान दैनिक फरक-फरक रहेकोले विभिन्न निकायका साथीहरूसंग नजिक रहन सफल भएको । विभिन्न निकायबाट सहभागी भएता पनि अन्तसम्ममा आईपुग्दा एउटै कार्यालयमा कार्य गर्ने साथी संगी जस्तो भएको अनुभूति रहेको । तालिमको व्यवस्थापन पक्ष अब्बल रहेको । तालिमले धेरै सैद्धान्तिक र व्यवहारिक ज्ञान दिएको । प्राप्त ज्ञान र सीपले आफुले सम्पादन गर्ने कार्यहरू सहजै जस्तो सुकै परिस्थितिलाई पनि सामना गर्न सक्ने दक्षता र क्षमता अभिवृद्धि भएको जस्ता महत्वपूर्ण विचारहरू राख्नु भएको थियो । साथै यो तालिम यति धेरै पक्षबाट राम्रो र प्रभावकारी हुँदा-हुँदै पनि यसलाई अझ प्रभावकारी वनाउन तालिममा समावेश गरिएका प्रस्तुत विषयहरूमा कानूनी पक्षलाई थप गर्दा उपयुक्त हुनेछ भन्ने सुझाव सहित आफ्नो मन्तव्यलाई अन्त्य गरेका थिए ।

## ८.३ तालिमको मुल्यांकनः


संचालित पाँच दिने तालिमको प्रभावकारिता र सान्दर्भिकता बारे विभिन्न निकायहरूबाट प्रतिनिधित्व गरेका ती २६ जना सहभागीहरूबाट नै गराउने उद्देश्यले प्रशिक्षक (सहजकर्ता) हरूको मूल्यांकन, तालिममा समावेश गरिएका विषय वस्तु सहित व्यवस्थापन पक्ष सहितको समग्र मूल्यांकन, प्रशिक्षक (सहजकर्ता) हरूको मूल्यांकन लगायत सर्वोत्कृष्ट १ जना र उत्कृष्ट २ जना सहभागी छनौट समेत सहभागिहरूबाटै गराउने उद्देश्यले छुट्टा-छुट्टै प्रश्नावलीमा सहभागीहरूको विचार लिईएको थियो ।

जस अनुसार सहभागीहरूको मुल्यांकनमा, १. नेपाल टेलिकमबाट प्रतिनिधित्व गर्नेः श्री मोहनपूर्ण सत्याल ८ अङ्क प्राप्त गरि सर्बोत्कृष्ट (Outstanding) हुन सफलहुनु भएको छ । त्यसै गरि मूल्यांकनको प्रावधान अनुसार उत्कृष्ट (Excellent) २ जना मध्ये. सिटिजन लाईफ ईन्स्योरेन्स कम्पनीबाट प्रतिनिधित्व गर्नेः श्री रीता पाठक र कृषि विकास वैंकबाट प्रतिनिधित्व गर्नेः श्री यादव प्रसाद पुडासैनी क्रमसः ७/७ अङ्क प्राप्त गरि उत्कृष्ट (Excellent) मा पर्न सफल भएका थिए ।




## तालिमको समग्र मूल्यांकन (सहभागीहरुबाट)

सहभागीहरुबाट तालिममा समावेश गरिएका विषय वस्तु सहित व्यवस्थापन पक्ष सहितको समग्र मूल्यांकन गराईएको थियो जसको मूख्य उद्देश्य भविस्यमा संचालन हुने तालिमलाई अझ प्रभावकारि बनाउन के कस्तो परिमार्जन गर्न आवश्यक छ भन्ने पृष्ठपोषण (Feedback) लिने प्रावधान अनुसार तालिमको मूल्यांकन भएको थियो । तालिमको मूल्यांकनमा जम्मा २४ जना सहभागीहरुको सहभागीता भएको थियो




रेटिङ गर्ने स्केलको सन्दर्भमा १. कम., २.सामान्य, ३.राम्रो, ४.अति राम्रो भन्ने प्रावधान राखिएको थियो । जसमा ***बिषय बस्तुको सान्दर्भिकता कस्तो पाउनुभयो ?*** भन्नेमा २४ जना सहभागीहरु मध्ये १५ जनाले राम्रो र ९ जनाले अतिराम्रो भनेका थिए प्रतिशतमा क्रमसः ६२.५ र ३७.५ रहेका छन् भने कम तथा सामान्यमा कुनै सहभागीहरुबाट स्कोर गरिएको छैन ।

***बिषय बस्तुको सिलसिला कत्तिको मिलेको पाउनुभयो ?*** भन्नेमा ८३.३ प्रतिशतले राम्रो र अतिराम्रो तथा १६.७ प्रतिशतले सामान्य भनेका छन भने कम भन्ने सहभागीहरु कोही नभएको देखिएको छ ।


त्यस्तै, ***यो तालिमले तपाईको कार्यक्षेत्रमा कत्तिको प्रभाव पार्ला ?*** भन्नेमा ९५.८ प्रतिशतले राम्रो र अतिराम्रो भनेका छन भने ४.२ प्रतिशतले सामान्य भनेका छन भने कम भन्ने सहभागीहरु कोही नभएको देखिएको छ ।

***तालिम स्थल कत्तिको उपयुक्त लाग्यो ?*** भन्नेमा ५४.२ प्रतिशतले राम्रो, ४१.७ प्रतिशतले सामान्य र ४.२ (१ जना) ले कम भनेका छन भने अति राम्रो भन्ने कोही देखिएन ।

***चिया , खाजा कस्तो पाउनुभयो ?*** भन्नेमा ७९.२ प्रतिशतले राम्रो र अतिराम्रो भनेका छन भने २०.८ प्रतिशतले सामान्य भनेका छन भने कम भन्ने सहभागीहरु कोही देखिएन ।

***स्टेशनरीको ब्यबस्थापन कस्तो पाउनुभयो ?*** भन्नेमा ७९.२ प्रतिशतले राम्रो र अतिराम्रो भनेका छन भने २०.८ प्रतिशतले सामान्य भनेका छन भने कम भन्ने सहभागीहरु कोही देखिएन ।

***तालिम अबधि कस्तो लाग्यो ?*** भन्नेमा १२.५ प्रतिशतले तालिमको अवधि छोटो भएको कुरा व्यक्त गरेका छन् भने तालिमको अवधि ठिक्क छ भन्ने ७०.८ प्रतिशत रहेका छन् । त्यसै गरि १६.७ प्रतिशतले तालिमको अवधि लामो भएको आशय व्यक्त गरेका छन् ।




समग्रमा: तालिमको उद्देश्य अनुरुप पाँच दिनका लागि राखिएका विषय वस्तुहरु उपयुक्त देखिएको हुंदा विषय वस्तुमा परिमार्जन वा हेरफेर नभएको स्थितीमा तालिमको अवधि सन्तोषजनक मान्न सकिने कुरा देखिएको छ ।

सारांसमा भन्नु पर्दा सहभागीहरुलाई यस तालिममा राखिएका बिषय बस्तुको सान्दर्भिकता रहेकोकुरा शतप्रतिशत उल्लेखहुनुले पनि सहभागीहरुको कार्यक्षेत्रमा उल्लेनिय योगदान पुऱ्याउन सकिने छ भन्ने कुरा आसा गर्न सकिने छ । त्यस्तै सिलसिलाबद्ध बिषय बस्तुहरु रहेको तथा यो तालिमले सहभागीहरुको कार्यक्षेत्रमा राम्रो प्रभाव पार्ने कुरा सहभागीहरुको यस मूल्यांकनले आंकलन गर्न सकिने छ ।

चिया , खाजा तथा स्टेशनरीको व्यबस्थापनमा तालिम व्यवस्थापन पक्षले सन्तुष्टि प्राप्त गर्दागर्दै पनि तालिम स्थल लागि सहभागीहरुबाट गरिएको मूल्यांकनका आधारमा तालिम व्यवस्थापन पक्ष द्वारा भविश्यमा संचालन गरिने तालिमका लागि हल व्यवस्थापनमा पुनर्विचार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

प्रशिक्षक सहजकर्ताहरूको मूल्यांकन बारे आएका परिणामको नतिजाको विस्तृत विवरण **अनुसूची ३ मा** समावेश गरिएको छ ।

## ८.४. सहभागीहरूको प्रमाण पत्र वितरणः

प्रशिक्षण आयोजक संस्थाका कार्यकारी अध्यक्ष श्री कृष्णहरि बास्कोटाले आयोजित तालिममा सार्वजनिक सरोकार राख्ने विभिन्न ९ वटा निकायबाट प्रतिनिधित्व गर्ने जम्मा २६ जना सहभागि प्रशिक्षार्थीहरूलाई सहभागिताको प्रमाण सहित मायाको चिनो स्वरुप सामूहिक फोटो एक-एक प्रति हस्तान्तरण गरिएको थियो । साथै **सहभागीहरूकै मूल्यांकनबाट सर्बोत्कृष्ट (Outstanding) स्थानमा पर्न सफल श्री मोहनपूर्ण सत्याल त्यस्तै श्री रीता पाठक र श्री यादव प्रसाद पुडासैनी उत्कृष्ट** मा छनौट हुनुभएकालाई **क्रमश कदर प्रमाण पत्र वितरण गरिएको थियो ।**

## ८.५. मन्तव्य सहित कार्यक्रम समापनः

समापन कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएका संस्थाका कार्यकारी अध्यक्ष श्री कृष्णहरि बास्कोटाबाट प्रशिक्षणको महत्व समेत संक्षिप्त प्रकाश पार्दै, सम्पन्न प्रशिक्षणले प्रशिक्षार्थीहरूले राखेका अपेक्षा प्राप्त गर्न सफल भए भन्ने विश्वास व्यक्त गर्नु भयो । सार्वजनिक सरोकार राख्ने निकायबाट सहभागी हुने प्रशिक्षार्थीहरूलाई आफ्नो कार्य क्षेत्रमा दत्त चित्त रही नतिजा उन्मुख कार्यमा क्रियाशिल रहन विभिन्न उत्प्रेरणात्मक विचारहरू प्रस्तुत गर्दै, एउटा गुरुले आफ्ना शिष्यहरूलाई वाडेको एक-एक मानो तोरीको गेडाका प्रसंङ्ग र एक विद्धान गुरुको घरमा पिंजडामा थुनिएर राखेको सुगाको कथाको सन्दर्भलाई जोडेर आफ्नो सारगर्वित विचारहरू राख्नु भएको थियो ।

अन्त्यमा, तालिममा सहभागि भएर हामिले आर्जन गरेका केही ज्ञान, सीप र अनुभवलाई वाड्ने अवसर प्रदान गर्ने विभिन्न ९ वटा निकाय र तहाँबाट प्रतिनिधित्व गर्ने सहभागि प्रशिक्षार्थीहरूलाई विशेष धन्यवाद दिदै, आफ्नो कार्य सफलता र सुखद भविष्यको कामना गर्नु भयो । साथै कार्यक्रम सफल पार्न उपस्थित विज्ञ सहजकर्ताहरू लगायत सम्पूर्ण CIGP परिवारका सदस्यहरूलाई विशेष धन्यवाद सहित कार्यक्रम समापन गर्नु भएको थियो ।

---

ooo